नेपाल सरकार

# वन तथा वातावरणा मन्त्रालय

सिंहदरबार, काठमाडौं

## स्टेशनरी तथा अन्य आवश्यक सामान आपूर्ति गर्ने सम्बन्धी

राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार।

## सिलवन्दी दरभाउ पत्र

**सिलवन्दी दरभाउपत्र नं. :** १।०७५।७६

**सिलवन्दी दरभाउ पत्र दस्तुर :** रु. १,०००।-

दरभाउपत्र खरिद गर्ने :

अन्तिम मिति : प्रथम पटक सूचना प्रकाशित भएको मिति २०७५।५। . . ले १५ औं दिन

समय : अपरान्ह १७:०० बजे सम्म

स्थान : वन तथा भू-संरक्षण मन्त्रांलय, खरिद इकाई (कोठा नं. १०१)

बोलपत्र दाखिला गर्ने :

अन्तिम मिति : प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन

समय : अपरान्ह १२:०० बजे सम्म

स्थान :वन तथा वातावरण मन्त्रालयको कोठा नं. १०१

दरभाउ पत्र खोलिने मिति :

प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन

समय : अपरान्ह १५:०० बजे

स्थान : वन तथा वातावरण मन्त्रालय, सिंहदरबार

दरभाउ पत्र खरिद गर्ने फर्म/संस्थाको :

नाम :

ठेगाना :

फोन :

मोवाइल :

दरभाउ पत्र वालाको सहि :

फर्म/संस्थाको छाप :

## सिलवन्दी दरभाउ पत्रदाताले पालना गर्नुपर्ने मुख्य शर्तहरु :

१. दरभाउ पत्रदाताले आपूर्ति गर्ने सामानको कबोल प्रति इकाइ मूल्यदर दरभाउ पत्र फारममा उल्लेख गर्नु पर्नेछ । यसरी कबोल गरेको रकमको कूल जोड जम्मा गरी त्यसमा १३ प्रतिशत मुल्यअभिबृद्धि कर जोडी कूल रकम अंक र अक्षरमा उल्लेख गरी सहिछाप गर्नु पर्नेछ । कबोल गरेको रकम वाहेक अन्य रकम सम्बन्धित आपूर्तिकर्तालाई दिइने छैन ।

२. दरभाउ पत्रदाताले नियमानुसार लाग्ने करहरु आफैले व्यहोर्नु पर्नेछ ।

३. दरभाउ पत्र आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने भन्ने यस मन्त्रालयको पूर्ण अधिकार हुनेछ ।

४. दरभाउपत्र स्वीकृत भएपछि दरभाउ पत्रदाताले आफूले कबुल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने रकमको नगद जमानत वा मान्यताप्राप्त वाणिज्य बैंकले जारी गरेको कार्य सम्पादन जमानत (परफरमेन्सवण्ड) पेश गर्नु पर्नेछ ।

५. दरभाउ पत्रमा उल्लेखित कुनै सामानको मुल्य मन्त्रालयलाइ अस्वभाबिक लागेमा उक्त सामानहरु बाहेक गरी वा आंशिक रुपमा टुक्राटुक्रा गरेर पनि बिभिन्न दरभाउ पत्रदाताको दरभाउ पत्र स्वीकृत गर्न सकिने छ ।

६. दरभाउ पत्र स्वीकृत भएपछि स्वीकृत सामान आपूर्तिकर्ताले यस मन्त्रालयले तोकेको समय र स्थानमा उपलब्ध गराउनु पर्नेछ ।

७. दरभाउ पत्रदाताले कार्यादेश पाएको समयभित्रै सामान आपूर्ति गरी सक्नु पर्नेछ ।

८. आपूर्ति भएका सामानहरु मन्त्रालयको स्वीकृत Specification अनुसार भए/नभएको जाँच गरी सो अनुसार भएमा मात्र सम्झौता तथा आपूर्ति भएको परिमाण अनुसारको रकम भुक्तानी दिइनेछ ।

९. दरभाउ पत्र फारममा उल्लेखित सामानहरु मन्त्रालयको आवश्यकता अनुसार एकै पटक वा आंशिक रुपमा वा पटक -पटक आपुर्ति गर्नुको साथै तोकिएको परिमाण भन्दा बढी सामान मन्त्रालयलाई आवश्यक परी माग गरेको खण्डमा दरभाउ पत्रदाताले २०७६ असार मसान्त सम्मको लागि सोही दरमा सामान आपुर्ति गर्नुपर्नेछ ।

१०. दरभाउ पत्रदाताले आपूर्ति गरेको सामानहरु गुणस्तरीय, टुटफुट नभएको, राम्रो प्याकिङ्ग भएको, मन्त्रालयले स्वीकृत गरेको स्पेशिफिकेशन बमोजिम स्तरीय हुनुपर्नेछ ।

११. मन्त्रालयबाट कुनै कारणले भुक्तानी विलम्ब भएमा सो वापत सम्बन्धित आपूर्तिकर्तालाई कुनै व्याज वा क्षतिपूर्ति दिइने छैन ।

१२. सम्झौता बमोजिमको मालसामान आपूर्तिकर्ताले आपूर्ति नगरेमा धरौटी वापत राखेको रकम जफत गरी प्रचलित ऐन कानून बमोजिमको आवश्यक कारबाही अगाडी बढाइनेछ ।

१३. माथि उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछन ।

१४. यसमा उल्लेख भएका शर्तहरु यसै संझौता अनुसार र यसमा नपरेका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५.

सिलवन्दी दरभाउ पत्र पेश गर्ने फर्म/संस्थाको नाम ठेगाना :

सिलवन्दी दरभाउ पत्रदाताको आधिकारीक व्यक्तिको नाम, थर :

ठेगाना : फोन नं. : मोवाइल :

सिलवन्दी दरभाउ पत्रदाताको दस्तखत :

फर्म/संस्थाको छाप :

मिति : सम्पर्क फोन/मोवाइल :

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय, काठमाण्डौ ।

स्टेसनरी तथा अन्य आवश्यक सामान आपूर्ति गर्ने सम्वन्धी

सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

ठेक्का नं. ०१/२०७५/०७६

प्रथम पटक प्रकाशित मितिः २०७५।०५।१३

१. यस मन्त्रालयका लागि आ.ब. २०७५।७६ मा स्टेशनरी तथा अन्य आवश्यक सामान सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले योग्य, ईच्छुक फर्म, सस्थाहरुवाट निम्न शर्तका अधिनमा रही सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

२. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता (इलिजिबिलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न सिलवन्दी दरभाउ पत्रदाताले सिलवन्दी दरभाउपत्र साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ख) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि

ग) मू.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रतिलिपि

घ) सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रति ।

ङ) आ.व. २०७३।०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. सिलवन्दी दरभाउपत्र फाराम प्रत्येकको रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयबाट यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७५।०५।२७ गते) सम्म एभरेष्ट बैंक लिमिटेडमा यस मन्त्रालययको कोर्ड नं. ३२९००३५०१ खता नं. ००१००१०६२००००० राजस्व शिर्षक नं. १४२२९ मा दाखिला गरि कार्यालय समय भित्र खरिद गरी १६ औ दिन (मिति २०७५।०५।२८ गते) १२ बजेभित्र  सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन विदा परेमा उक्त कार्य सोही समयमा कार्यालय खुलेको अर्को दिन सोही समयमा हुनेछ ।

४. सिलवन्दी दरभाउपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट गरेको ठाउमा दरभाउ पत्रदाताले दस्तखत गरेको हुनुपर्छ ।

प्रति पेश गर्नुपर्नेछ । नगद जमानतका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाण्डौ भुक्तानी नं ४ को नाममा रहेको एभरेष्ट बैंक, लिमिटेडको सिहंदरबारस्थित धरौटी खाता नं. **135001** मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. पेश हुन आएका सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन (मिति २०७५।०५। गते) २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट सोही समयमा गरिने छ ।

७. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. दरभाउपत्रमा उल्लेखित सामानको परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि आपूतिकर्ताले स्वीकार गर्नु पर्नेछ ।

९. सूचनाको दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको एवं स्पेसिफिकेशन बमोजिम नभएको बोलपत्र उपर कारवाही हुने छैन ।

१०. दरभाउपत्र दाखिला गर्नु अघि सोमा उल्लिखित शर्तहरु, परिमाण र अन्य कुराहरु राम्ररी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ । दरभाउपत्रमा उल्लिखित कुनै कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

११. दरभाउपत्रदाताले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन । दरभाउपत्रदाताले संलग्न परिमाण मूल्य पत्र (Bill of Quantity) मा उल्लिखित प्रत्येक महलमा भर्नु पर्नेमा स्पष्ट रुपमा भर्नुपर्नेछ ।

१२. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

१४. यो सूचनामा उल्लेख हुन छुट भएका बिषयहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१५. दरभाउपत्र सम्पूर्ण वा आंशिक रुपमा पनि स्वीकृत गर्न सकिनेछ ।

१६. यो सूचना यस कार्यालयको वेभसाईट www.mofe.gov.np. मा समेत हेर्न सकिनेछ ।